मङ्गल बहुमुखी क्याम्पसको

आ. व. २०८०/०८१

वार्षिक प्रगति प्रतिवेदन

पेश गर्ने संस्था

मङ्गल बहुमुखी क्याम्पस

कीर्तिपुर - १०, कीर्तिपुर

स्थापना : २०६४/११/२८

पेश गर्ने ठाउँ

विश्वविद्यालय अनुदान आयोग

सानोठिमी, भक्तपुर

मितिः २०८१/०८/२४

वार्षिक प्रगति प्रतिवेदन आ.व.२०८०/०८१ तयार गर्ने समूह

(Annual Development Report FY 2080/081 Preperation Team)

श्री प्रदिप महर्जन

श्री रकि महर्जन

श्री रिकी माली

श्री महेन्द्र महर्जन

क्याम्पस व्यवस्थापन समितिले अनुमोदन गरेको मिति

(Date of Report Endorsement by Management Committee)

२०८१/०८/२३

विषय सूची

क्र.सं.	विवरण	पेज नं.
१.	पृष्ठभूमी (Background)	६
२.	शैक्षिक प्रगति (Acacemic Progress)	६
	२.१ पछिल्ला तीन वर्षको भर्ना प्रकृति विश्लेषण (Enrolment Trend of Last Three Years)	६
	२.२ पछिल्ला तीन वर्षको उत्तिर्ण प्रकृति विश्लेषण (Pass Rate Trend of Last Three Years)	९
	२.३ पछिल्ला तीन वर्षको ग्राजुयट ट्रेण्ड विश्लेषण (Graduate Trend Analysis of the Last three years)	१०
३.	शैक्षिक कार्यक्रम तथा शिक्षण पद्धती (Programs and Educational Pedagogy)	१०
४.	भौतिक प्रगति (Physical Development)	१०
५.	आर्थिक प्रगति (Financial Progress)	१२
	५.१ पछिल्लो तीन वर्षको आय व्यय विश्लेषण (Analysis of Financial Resources/Income of the Last Three Years)	१३
	५.२ क्याम्पस स्वयंले गरेको अर्थिक संकलन (Self Generated Resources)	१३
	५.३ विद्यार्थीहरूको शुल्क (Student's Fees)	१३
	५.४ सरकारको तर्फबाट सहयोग (Grant from Government Sources)	१३
	५.५ पछिल्लो तीन वर्षको खर्च विश्लेषण (Expenditures Analysis of the Last Three Years)	१४
	५.६ Audit Observation/Issues and Steps Taken to Mitigate the Issues Raised by Audit Observations in Last Fiscal year	१४
६.	सामाजिक प्रगति (Social Progress)	१५

६.१ सामाजिक कार्यकलापमा क्याम्पसको सम्लग्नता
(Campus's Involvement In Social Activities) १६
६.२ क्याम्पसको लागि समुदायको योगदान (Society's Contribution for Campus) १६
६.३ समुदायको लागि क्याम्पसले योगदान गर्ने योजना
(Plan for Campus's Contribution to Society) १६
६.४ क्याम्पसमा समुदायको सम्लग्नता बढाउने योजना
(Plan for Increased Involvement of Society in Campus) १७
७. सवल तथा दुर्वल पक्षहरू १७
७.१ सवल पक्ष (Strong Aspects) १७
७.२ दुर्वल पक्ष (Weak Aspects) १८
८. चुनौतीहरू (Threats) १९
८.१ अल्पकालिन समस्या तथा चूनौतीहरू
(Short Term Problems and Threats) १९
८.२ दिर्घकालिन समस्या तथा चूनौतीहरू
(Long Term Problems and Threats) १९
८.३ समस्या र चूनौतीहरूको समाधानका लागि गरिएका कार्यहरू
(Mitigation Measures Taken to Address the Issues and Meet the Challenges) २०
९. अवसरहरू(Opportunities) २०
१०. समस्या तथा चूनौतीहरू समाधान गर्न रणनीतिक योजना
(Strategic Plan for Adressing the Issues and Challenges) २१
११. वार्षिक कार्य योजना तथा वार्षिक बजेट
(Annual Work Plan and Budget of Current Fiscal Year) २१
१२.१ २०७८ सालको वार्षिक कार्य योजना २२
१२.२ २०७९ सालको वार्षिक कार्य योजना २३
१२.३ २०८० सालको वार्षिक कार्य योजना २४

१३. Projected Annual Tentative Budget of the Three Fiscal Year Following the Current Fiscal Year २५

१३.१ आ. व. २०७८/०७९ को अनुमानीत वजेट २५

१३.२ आ. व. २०७९/०८० को अनुमानीत वजेट २६

१३.३ आ. व. २०८०/०८१ को अनुमानीत वजेट २७

मंगल बहुमुखी क्याम्पसको बार्षिक प्रगति प्रतिवेदन आ. व. २०८०/०८१

१. पृष्ठभूमी(Background)

ऐतिहासिक नगरी कीर्तिपुरका समाजसेवी, बुद्धिजीवी तथा शिक्षाविद्हरू, अभिभावक तथा शिक्षा प्रेमी महानुभावहरूको सक्रियतामा त्रिभुवन विश्वविद्यालयबाट सम्वन्धन लिई वि. सं. २०६४ सालमा शिक्षा शास्त्र संकाय तर्फ स्नातक तह वि. एड. तथा २०६५ सालमा व्यवस्थापन संकाय तर्फ वि. वि. एस. का कक्षाहरू सञ्चालन गरिएको थियो । काठमाडौको दक्षिण भेग लगायत देश भरका गरीव तथा जेहेन्दार विद्यार्थीहरूले शिक्षाको उज्यालो ज्योतिबाट बञ्चित हुन नपरोस् भन्ने आकांक्षाका साथ यस बहुमुखी क्याम्पसमा न्यूनतम शुल्कमा स्तरीय पठनपाठन गराउँदै जाने लक्ष्य लिएको छ । युग सुहाउँदो शैक्षिक चुनौतीको सामना गर्नका लागि सक्षम जनशक्ति तयार गर्न अघि बढिरहेको यस क्याम्पसले शैक्षिक प्रशासनिक तथा आर्थिक कृयाकलापहरूलाई व्यवस्थित तथा पारदर्शी ढंगबाट अगाडि बढाउने लक्ष्य लिएको छ । यस क्याम्पसमा स्थापना कालदेखि नै काठमाडौं उपत्यका लगायत करिव ६० भन्दा बढी जिल्लाका विद्यार्थीहरू अध्ययनरत छन् । यस क्याम्पसको विधानलाई संशोधन गरी पूर्ण सामूदायिक क्याम्पस वनाउने लक्ष्यका साथ समूदायका सरोकारवालाहरूको प्रत्यक्ष संलग्नता हुने गरी समूदायका मानिसहरूमा अपनत्व र स्थायित्व ग्रहण गर्ने समूह निर्माणको लागि आजीवन साधारण सभा सदस्य वनाउने लक्ष्य लिएर कार्यक्रम थालेको छ । हाल यस क्यामपसमा प्राध्यापक, समाजसेवी, व्यापारी, उद्योगपति, व्यवसायी गरी २१२ जना आजीवन सदस्य रहेको छ । यस क्याम्पसलाई शैक्षिक गन्तव्य बनाउन र गुणस्तरीय शिक्षाको प्रत्याभूत गराउन वर्ष सन् २०२२ अक्टोबरमा Quality Accreditation Assurance (QAA) को लागि LOI स्वीकृत भए पछि निर्धारित एक वर्ष भित्र सो प्राप्त गर्ने उद्देश्यका साथ सन् २०२३ July 16th अर्थात वि. सं. २०८० असार मसान्त सम्ममा क्याम्पसको SSR तयारको लागि आवश्यक विभिन्न समितिहरू गठन गरी गुरू योजना बनाउने कार्य अगाडी बढाएको छ । यी समितिहरुले आआफ्नो समिति अन्तर्गतका कार्यहरु सम्पन्न गरी Internal Quality Assurance Committee (IQAC) लाई प्रतिवेदनहरु बुझाएको थियो । प्राप्त प्रतिवेदनहरु अध्ययन गरी IQAC ले क्याम्पस सञ्चालक समितिलाई Self Study Report (SSR) बुझाएको थियो । क्याम्पस सञ्चालक समितिले विश्वविद्यालय अनुदान आयोगमा निर्धारित समय सिमा सेप्टेम्बर २५, २०२३ भित्र नै प्राप्त SSR बुझाएको थियो । सो SSR को पहिलो Review भई आएको सुझावहरुलाई मनन् गरि आवश्यकअनुसार परिमार्जन गरि पठाइ सकिएको छ ।

२. शैक्षिक प्रगति (Academic Progress)

यस मंगल बहुमुखी क्याम्पसले स्थापना कालदेखि नै यहाँ अध्ययनरत छात्र छात्राहरूको गुणस्तरीय शिक्षाको लागि व्यवस्थापन समिति एवं प्राध्यापकहरू निरन्तर लागिरहेको छ । यसैको फलस्वरूप विगतको समयमा भन्दा विद्यार्थी संख्यामा क्रमिकरूपमा सुधार एवं बृद्धि भइरहेको देखिएको छ । अझ गुणस्तरीय शिक्षा को सुनिश्चित गर्न QAA को लागि आवश्यक सवै तयारीहरू गर्दै आइरहेको छ ।

यस क्याम्पसमा अध्ययनका लागि गत तीन वर्षमा भर्ना भएका विद्यार्थीहरूको संख्या विवरण

२.१ पछिल्ला तीन वर्षको भर्ना प्रकृति विश्लेषण (Enrolment Trend of Last Three Years)

तालिका नं. १. वि. एड. तर्फ तीन वर्षको विद्यार्थी विवरण

क्र. सं.	शैक्षिक सत्र	चर वर्षे वि.एड.												
		प्र. वर्ष			दो. वर्ष			ते. वर्ष			चौ. वर्ष			
		छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा	
१.	२०७८/०७९	३०	४५	७५	२०	३९	५९	१७	३९	५६	७	३७	४४	२३४
२.	२०७९/०८०	२३	२९	५२	२१	३३	५४	१६	३७	५३	६	४५	५१	२१०
३.	२०८०/०८१	१०	३०	**४०**	२३	२९	**५२**	२१	३३	**५४**	१६	३७	**५३**	१९९



तालिका नं. २. वि. वि. एस. तर्फ तीन वर्षको विद्यार्थी विवरण

क्र. सं.	आर्थिक वर्ष	चार वर्षे वि.वि.एस.												
		प्रथम वर्ष			दोश्रो वर्ष			तेश्रो वर्ष			चौथो वर्ष			कूल जम्मा
		छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा	छात्र	छात्रा	जम्मा	
१.	२०७८/०७९	३५	३०	६५	२८	२५	५३	२८	३७	६५	१९	२२	४१	२२४
२.	२०७९/०८०	२५	३५	६०	२३	२२	४५	२४	३१	५५	११	२१	३२	१९२
३.	२०८०/०८१	५०	७०	**१२०**	२५	३५	**६०**	२३	२२	**४५**	२४	३१	**५५**	२८०



माथीको तालिका हेर्दा यस क्याम्पसमा शिक्षा संकाय तर्फ विद्यार्थीहरूको भर्ना दरमा उतार चढाव भएको देखिन्छ । तालिका तालिका १मा हेर्दा आ. व. २०७७/०७८ मा शिक्षा संकाय तर्फ प्रथम, दोश्रो, तेश्रो र चौथो वर्षमा कूल संख्या २१० भएकोमा २०७८/०७९ मा सो संख्यामा सामान्य बढेर २३४ पुगेको थियो भने २०७९/०८० मा २१० पुगेको छ । यसरी संख्यामा गिरावट आउनुको कारणमा कक्षा १२ पास भए पछि विद्यार्थीहरू उच्च शिक्षाको लागि विदेसिने प्रबृत्ति बढेको देखिन्छ भने सरकारले पनि अन्य पेशालाई भन्दा शिक्षण पेशालाई उपेक्षा गरेको देखिन्छ । तालिका नं. २ मा हेर्दा व्यवस्थापन संकाय तर्फ भने सामन्य बृद्धि भएको देखिन्छ । कूल संख्यामा भन्ने हो भने तालिका नं. ३ अनुसार आ. व. २०७७/०७८ मा १९० भर्ना भएका थिए भने २०७८/०७९ मा २२४ र २०७९/०८० मा २३२ जना भर्ना भएका छन् जुन कुरालाई सकारात्मक रूपमा लिन सकिन्छ ।

व्यवस्थापन संकायमा भर्ना संख्यामा बढोत्तरी हुनुमा यस्को कार्य क्षेत्र धेरै हुनुका साथै सरकार र समाजले यो विषय अध्ययन गर्ने विद्यार्थी र पेशालाई सकारात्मक दृष्टिकोणले हेर्ने गरेकोले पनि हुन सक्दछ ।

तालिका नं. ३. वि. एड तथा वि. वि. एस. तर्फ तीन वर्षको कूल विद्यार्थी विवरण

क्र.सं.	आ.व.	वि.एड.	वि.वि.एस.	कूल जम्मा
१.	२०७८/०७९	२३४	२२४	४५८
२.	२०७९/०८०	२१०	१९२	४०२
३.	२०८०/०८१	१९९	२८०	४७९



२.२ पछिल्ला तीन वर्षको उत्तिर्ण प्रकृति विश्लेषण (Pass Rate Trend of Last Three Years)

तालिका नं. ४. वि. एड तथा वि. वि. एस. तर्फ नियमित / आंशिक वार्षिक परीक्षामा उत्तिण विद्यार्थी विवरण

क्र. सं.	शैक्षिक सत्र	वि.एड.				वि. वि. एस.			
		प्रथम वर्ष	दो. वर्ष	ते. वर्ष	चौ. वर्ष	प्रथम वर्ष	दो. वर्ष	ते. वर्ष	चौ. वर्ष
१.	२०७८/०७९	१०	२+१०	१४+५	८	९	१०+२०	९+१९	१७+ ४
२.	२०७९/०८०	-	-	-	१७+३	-	-	-	२१
३.	२०८०/०८१	-	-	-					

तलिका नं. ४ अनुसार २०७७/०७८ वि. एड. प्रथम वर्षमा ८ जना दोश्रो, तेश्रो र चौथो वर्षमा क्रमशः १४, १९ र १७ जना उत्तीर्ण भएको देखिन्छ । २०७८/०७९ मा १०भएको देखिन्छ । दोश्रो वर्षमा क्रमशः १२ भएको देखिन्छ । तेश्रो वर्षमा तथा चौथो वर्षमा १९ भएको देखिन्छ । तेश्रो वर्षमा तथा चौथो वर्षमा ८ भएको देखिन्छ । यस आधारमा शिक्षाशास्त्र संकाय तर्फ शैक्षिक प्रगति सन्तोष जनक मान्न सकिन्छ तर पनि सुधार गर्नु पर्ने कुराहरू धेरै देखिन्छ । त्यस्तै व्यवस्थापन संकाय तर्फ २०७७/०७८ मा प्रथम वर्षमा १५, र दोश्रो तेश्रो र चौथो वर्षम क्रमशः १०, ३४ र ३५ पास भएको देखिन्छ । २०७८/०७९ मा प्रथम वर्षमा ९ जना, ३०जना दोश्रो वर्षमा तेश्रो वर्षमा ३८ तथा चौथो वर्षमा २१. विद्यार्थीहरू उत्तिर्ण भएको देखिन्छ । विविएस तर्फ २०७९/०८० चौथो वर्षमा

२१ नतिजा राम्रो देखिए पनि प्रथम र दोश्रो वर्षमा भने विद्यार्थीहरूलाई थप अतिरिक्त कक्षाको व्यवस्था गर्नु पर्ने देखिन्छ ।

२.३ पछिल्ला तीन वर्षको ग्राजुयट ट्रेण्ड विश्लेषण (Graduate Trend Analysis of the Last three years)

तालिका नं. ४. वि. एड तथा वि. वि. एस. ग्राजुयट हुने विद्यार्थीहरूको विवरण

क्र.सं.	आ.व.	वि.एड.	वि.वि.एस.
१.	२०७८/०७९	८	२०
२.	२०७९/०८०	९	८
३.	२०८०/०८१	७	७

३. शैक्षिक कार्यक्रम तथा शिक्षण पद्धती (Programs and Educational Pedagogy)

यस मंगल बहुमुखी क्याम्पस स्थापना समयदेखि नै स्नातक तहका दुई वटा कार्यक्रमहरू चार बर्षे वि.एड. तथा वि.वि.एस.सञ्चालन हुँदै आएको छ । त्यस मध्ये वि.एड. तर्फ अंग्रेजी, नेपाली, गणित र स्वास्थ्य तथा शारीरिक शिक्षा मुख्य तथा सहायक विषयका रूपममा अध्यापन गर्दै आएको छ भने वि. वि. एस. तर्फ अर्थशास्त्र, लेखा, बाणिज्य तथ्याङ्क शास्त्र, बजार व्यवस्थापन जस्ता विषयहरू अध्यापन गर्दै आएको छ । यी विषयवस्तुहरूको मल्टिमेडिया तथा प्रजेक्टरविधि, प्रवचन विधि, प्रश्नोत्तर विधि, समूह छलफल, फिल्ड ट्रिप तथा शैक्षिक भ्रमण जस्ता विधिहरू अपनाएर अध्यापन गर्दै आएको छ । विद्यार्थीहरूलाई थप सक्षम र बढी भन्दा बढी प्रयोगात्मक सक्षमता प्रदान गर्न नन् क्रेडित कोर्ष तयार गरेर अध्यापन गराउने निर्णयअनुसार ब्यवस्थापन संकाय तर्फ अध्यापन कार्य सुरु गरिको छ । विद्यार्थीहरुलाई कम्प्यूटर सम्बन्धी ज्ञान सीप प्रदान गर्न क्याम्पसले कम्प्यूटर ल्यवको स्थापना गरेर सो सम्बन्धी ज्ञान तथा सीप सिकाउने व्यवस्था मिलएको छ ।

४. भौतिक प्रगति (Physical Development)

यो क्याम्पस कीर्तिपुर नगरपालिका वडा नं. १० मा रहेको छ । यस क्याम्पसको व्यवस्थापन समितिले क्याम्पसको भवन बनाउने रणनीति लिएअनुसार मंगल माध्यमिक विद्यालयले आफ्नो सिमाना भन्दा बाहिर रहेको जग्गा भोग चलन गर्न प्रदान गरेको हुँदा सोही जग्गामा विश्व विद्यालय अनुदान आयोगको नगद रू. ३७,५०,०००/- (अक्षरेपी सैंतीस लाख पचास हजार रूपैयाँ) अनुदान सहयोग बापत प्राप्त र आन्तरिक स्रोतबाट क्याम्पसको तीन कोठे भवन बनाउने काम सुरू गरी भुईं तलामा ३ कोठे भवन बनाउने काम सम्पन्न भै सकेको छ ।

क्याम्पसको गुरू योजना अनुसारकक्षा सञ्चालनको लागि विद्यमान भवनमा तला थप गरी कोठ निर्माण गर्न बागमती प्रदेशमा योजना पेश भए अनुसार गत आ. व. २०७६/०७७ मा बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको तर्फबाट अनुदान प्राप्त भएको रू. ३०,००,०००/- (अक्षरेपी तीस लाख रूपैयाँ) र आन्तरिक श्रोत गरी कूल रू. ३४,३४,४८८/- (अक्षरेपी चौतीस लाख चौतीस

हजार चार सय अठासी रूपैयाँको लागतमा दुई तला स्ट्रक्चर ढलान गर्ने कार्य सम्पन्न भएको छ । आ. व. २०७६/०७७मा बागमती प्रदेश सरकारको सहयोगमा निर्मित दुई तल्ला स्ट्रक्चरमागारो लगाई भ्याल ढोका र प्लाष्टर गरी कक्षा सञ्चालनको लागि योग्य बनाउन आर्थिक वर्ष २०७८/०७९ मा पनि बागमती प्रदेश बाट भवन निर्माणको लागि सशर्त अनुदान पुँजीगत तर्फ कीर्तिपुर नगरपालिका मार्फतरू. ३२,७२,०००/- (अक्षरेपी बत्तीस लाख बहत्तर हजार रूपैयाँ) मात्र अनुदान सहयोग प्राप्त भएकोबाट तेश्रो तला स्ट्रक्चर ढलान र पहिलो तला फिनिसिङ सम्पन्न गरी कक्षा सञ्चालन गरेको छ ।

यो क्याम्पस मंगल मा. वि. को सकृयतामा उन्नयन गर्दै स्थापना भएको हुँदा कक्षा सञ्चालनको लागि आवश्यक फर्निचरहरू विद्यालयकै प्रयोग गर्दै आएकोमा त्यस आयोगको सहयोगमा ७५वटा डेस्क बेन्चहरूको व्यवस्था गर्नुका साथै पुस्तकालयको व्यवस्थापनको लागि आवश्यक च्याक ६ थान मेच कम्प्यूटर ल्याव प्रयोजनको लागि १५ थान डेक्स्टप कम्प्यूटर, ४ थान प्रिन्टर र प्रोजेक्टर १ थानको व्यवस्थापन गरेको छ । साथै विश्वविद्यालय अनुदान आयोगबाट नियमित अनुदानअन्तर्गत प्राप्त हुने रकमबाट क्याम्पसलाई आवश्यक सामाग्रीहरूको समेत व्यवस्था गर्दै आएको छ । गत आ. व. २०७७/०७८मा विश्वविद्यालय अनुदान आयोगको स्विकृत कार्यक्रम अन्तर्गत प्राप्त रकम रू १,५०,०००/- अक्षरेपी एकलाख पचास हजार रूपैयाँबाट यस कीर्तिपुर नगरभित्रका तीनवटा सामुदायिक क्याम्पसहरू मंगल बहुमुखी क्याम्पस, शहिद स्मारक कलेज र जनाधार क्याम्पसका गरी कूल २१ प्राध्यापकहरूको अनुसन्धानात्मक क्षमता अभिबद्धि गर्ने हेतुले Capacity Building विषयमा ५ दिने तालिम सञ्चालन गरिएको थियो । त्यस्तै आ. व. २०७७/०७८ मा पनि त्यस आयोगको रू. ६,५०,०००/- (अक्षरेपी छ लाख पचास हजार रूपैयाँ) अनुदानमा ५५ थान फाइबरको डेस्क बेन्च बनाउनुका साथै रू. १,७५,०००/- (अक्षरेपी एक लाख पचहत्तर हजार रूपैयाँ) मा शिक्षकहरूलाई A Scientific analysis of Qualitative and Quantitative Data विषयमा ५ दिने तालिम सञ्चालन गरेको थियो । आ. व. २०७९ / ०८० मा विश्वविद्यालय अनुदान आयोग बाट नियमित तर्फ रू.१३,९२,१००/- (अक्षरेपी तेह्र लाख बयानब्बे हजार एक सय रूपैयाँ) र पुस्तकालयको लागि पुस्तक खरिद गर्न रू. ३,००,०००/-(अक्षरेपी तीन लाख रूपैयाँ) प्राप्त भएको छ । त्यस्तै यस क्याम्पसले आ. व. २०८०/०८१ मा नियमित अनुदान तर्फ रु. (अक्षरेपी) प्राप्त भएको थियो भने उपकरण खरिद तर्फ रु. ७,००,००० (अक्षेरेपी सात लाख रुपैयाँ) मात्र प्राप्त भएको थियो । सो रकमबाट नेपालको खरिद नियमावली अनुसार उपकरण खरिदको प्रकृया जारी रहेको छ ।

- चार तलाको भवन १, जस्मा पहिलो तलामा कक्षासञ्चालन भएको छ भने भूईं तलामा शटर रहेको छ । शटर भएको भूईं तल्लामा क्याम्पसको लागि आवश्यक कार्यालय कक्षहरू तयार गरी सञ्चालनमा ल्याएको छ ।
- यस क्याम्पसमा उपकरण तर्फ १ थान प्रोजेक्टर, १थान ल्यापटप, १ थान फोटोकपी मेशिन, ४ थान प्रिन्टर, डेक्स्टप कम्प्यूटर १५ भएकोमा यस आ. व. २०८०/०८१ मा कलर प्रिन्टर १ थान, 2 ईन 1 प्रिन्टर १ थान, ४ थान डेक्स्टप कम्प्यूटर, व्यवस्था गरिएको छ । यसै आ. व. मा शिक्षा विकास निर्देशनालयबाट कारिव दश लाख रुपैयाँ बराबरको ICT का उपकरणहरु खरिद गर्ने कार्यक्रम रहेको छ ।

- टेक्स्ट बुक / जर्नल २५०० थान / मङ्गल जर्नलको चौथो अंक प्रकाशित गरेको यस आ.व. २०८०/०८१ मा पुस्तकालय प्रयोजनको लागि विश्वविद्यालय अनुदान आयोग र क्याम्पस श्रोत गरी कूल ३,२०,००० रुपैयाँ बराबरको पाठ्यपुस्तक तथा सन्दर्भ पुस्तकहरु खरिद गरिएको छ ।

- डेस्क बेन्च १३० थान भएकोमा क्याम्पस भवन मै क्याम्पसको कार्यालय सञ्चालनको लागि यस आ.व. २०८०/०८१ मा स्टिल दराज ४ थान, अफिस मेच ३० थान, पिजन होल दराज २ थान, अफिस टेबल ३ थान, अन्य काठको टेबल ५ थान खरिद गरी व्यवस्था मिलाएको छ ।

५. आर्थिक प्रगति (Financial Progress)

यो क्याम्पस मंगल माध्यमिक विद्यालयको स्तरण कै क्रममा स्थापना भएको हुँदा शुरूका दिनहरूमा आवश्यक आर्थिक व्ययभार विद्यालयले नै लिएको थियो । हाल त्रि. वि. मा धरौटी बापत मुद्दती खातामा रू. ६,५०,०००/- (अक्षरेपी छ लाख पचास हजार रूपैयाँ) र क्याम्पसको आजीवन साधारण सदस्यहरूको सदस्यता शुल्कबाट उठेको रकम रू.१२,००,०००।- गरी कूल १८,००,००० रुपैयाँ अक्षय कोषको रूपमा मूद्दती खातामा राखिएको छ ।

यो क्याम्पसको चल पुँजीको हकमा मूल श्रोत विद्यार्थीहरूको भर्ना तथा माशिक शुल्क नै रहेको छ । सो बाहेक विश्वविद्यालय अनुदान आयोगबाट प्रदान गरिने नियमित तथा अन्य अनुदान रकम र विभिन्न दातृ निकायहरू र दाताहरूबाट उपलब्ध गरिने रकम चल पूँजीको रूपमा लिइएको छ । यस क्याम्पसको स्थापना गर्दा लिएको उद्देश्य अनुरूप नै यस क्याम्पसले ज्यादै न्यून मात्र भर्ना शुल्क वापत वार्षिक रूपमा एकमुष्ट रू. ६,०००/- (अक्षरेपी छ हजार रूपैयाँ) तथा यो क्याम्पस सञ्चालन भैरहेको मङ्गल माध्यमिक विद्यालयबाट कक्षा १२ उत्तिर्ण विद्यार्थीहरूलाई भर्ना शुल्क वापत वार्षिक रूपमा एकमुष्ट रू. ५,०००/- (अक्षरेपी पाँच हजार रूपैयाँ मात्र) लिने गरिएको छ भने यस वर्ष मासिक शुल्कमा सामान्य बृद्धि गरी रू. १२०० कायम गरिएको छ । परीक्षा, प्रयोगात्मक कक्षाका लागि पनि ज्यादै न्यून शुल्क उठाउँदै आएको छ । यसै रकमबाट शिक्षक, कर्मचारी, मसलन्द, परीक्षा, पुस्तकालय लगायत मर्मत सम्भारका कामहरू गर्न आवश्यक खर्चको व्यवस्था गर्दै आएको छ । त्यस्तै पुस्तकालय धरौटीको रूपमा पछि फिर्ता हुनेगरी रू. १५००।०० एक हजार पाँच सयरूपैयाँ लिने गरेको छ । त्यसैले बदलिंदो परिस्थितिमा विद्यार्थीहरूलाई थप आर्थिक बोझ नपर्ने र शिक्षकहरूलाई पनि उचित पारिश्रमिकको व्यवस्था मिलाउने एक गम्भिर चुनौतिको रूपमा आएको छ । अझ विद्यार्थीहरूलाई अध्ययनमा तल्लिन भई अध्ययनशील एवं लगनशील बनाउन विभिन्न समाजसेवीहरूद्वारा नगद पुरस्कार एवं प्रमाण पत्रको समेत व्यवस्था गरिनुका साथै एक वर्षको लागि आवश्यक पुस्तकहरू पुस्तकायबाट प्रदान गर्ने ब्यवस्था समेत मिलाएको छ ।

गत वर्ष पुष माघ महिना देखि विश्वभर महामारीको रूपमा फैलिएको कोरोना भाइरस कोभिड १९ का कारण नेपाल सरकारले २०७६ चैत्र ११ गते देखि रोग नियन्त्रणको लागि गरिएकोपहिलो लकडाउन, २०७७ बैशाख १६ देखि गरिएको दोश्रो लकडाउन र २०७८ माघ महिना देखि गरिएको शैक्षिक बन्दका कारण क्याम्पस थप जटिल आर्थिक समस्यामा परेको थियो ।

विद्यार्थीहरूको माशिक शुल्क नै मूल आर्थिक श्रोतको रूपमा रहेको यस क्याम्पस, लकडाउनका कारण बन्द भइ विद्यार्थीहरूबाट शुल्क संकलन नभएपछि शिक्षक र कर्मचारीहरूलाई पारिश्रमिक उपलव्ध गराउन समेत नसकिएको अवस्था सिर्जना भएको थियो । अहिले सो अवस्था बाट केही सुधार भएकोले शिक्षक कर्मचारीहरुलाई पनि नियमित मासिक रुपमा तलब भत्ता दिने व्यवस्था मिलाएको छ ।

तालिका नं. ५. तीन वर्षको विश्वविद्यालय अनुदान आयोगबाट प्राप्त अनुदानको विवरण

क्र. सं.	आर्थिक वर्ष	नियमित अनुदान रू.	अन्य अनुदान रू.
१.	२०७७/०७८	७,६३,९००।००	१,५०,०००।००
२.	२०७८/०७९	१२,०५,०००।००	८,२५,०००।००
३.	२०७९/०८०	१३,९२,१००।००	४,७५,०००।००

५.१ पछिल्लो तीन वर्षको आय व्यय विश्लेषण(Analysis of Financial Resource /Income of the Last Three Years)

तालिका नं. ६. तीन वर्षको कूल आम्दानी खर्च विवरण

क्र. सं.	आर्थिक वर्ष	कूल आम्दानी रू.	कूल खर्च रू.	बचत रू.
१.	२०७७/०७८	२८,४१,५४०।२०	३३१११५९।०७	(४,६९,६१८।८७
२.	२०७८/०७९	५२,०२,३९६।००	४६,६४,२२४।००	५,३८,१७२।००
३.	२०७९/०८०	७६,४१,०७२।९२	७०,५७,९२०.८४	५,८३,१५२.०८

५.२ क्याम्पस स्वयंले गरेको अर्थिक संकलन (Self Generated Resources)

यस क्याम्पसले समूदायको सहभागिताको लागि आजिवन सदस्य बनाएर आर्थिकश्रोत संकलन गरेको थियो । जस अन्तर्गत रू. १२,००,०००।०० संकलन भएको थियो । जुन अहिले पनि अक्षय कोषको रूपम जम्मा गरिएको छ ।

५.३ विद्यार्थीहरूको शुल्क (Student's Fees): विद्यार्थीहरूको शुल्क निम्न अनुसार रहेको छ ।

भर्ना शुल्क : रू. ६००० मासिक शुल्क रू. १२००
आन्तरिक परीक्षा शुल्क रू. ५००
पुस्तकालय धरौटी रू. १५००

५.४ सरकारको तर्फबाट सहयोग (Grant from Government Sources)

यस क्याम्पसको भौतिक सवलीकरण अन्तर्गत क्याम्पस भवन निर्माणको लागि बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको तर्फबाट निम्न अनुसारको अनुदान सहयोग प्राप्त भएको छ ।

- आ. व. २०७६/०७७ मा रू. ३०,००,०००।००

- आ. व. २०७८/०७९ मा रू. ५०,००,०००।००
- आ. व. २०७९/०८० मा कुनै सरकारबाट पनि अनुदान छैन

५.५ पछिल्लो तीन वर्षको खर्च विश्लेषण (Expenditures Analysis of the Last Three Years)

यस क्याम्पसको पछिल्लो तीन वर्षको खर्च विवरणको विश्लषण निम्न अनुसार रहेको छ ।

तलिका नं. ७

क्र. सं.	आर्थिक वर्ष	तलब रू.	अन्य खर्च रू.
१.	२०७७/०७८	२४,०६,२७५।००	१,९७,६७६।००
२.	२०७८/०७९	३३,६१,३५५।००	२,९४,३८८।००
३.	२०७९/०८०	४७,९८,६०५।००	११,५५,५८७।५०

तालिका नं. ७ अनुसार खर्च विश्लेषण गर्दा आ. व. २०७७/०७८ मा यस क्याम्पसमा साधारण खर्च रू. १,९७,६७६।०० अक्षरेपी एकलाख सन्तानब्बे हजार छ सय छयोहत्तर रूपैयाँ र तलब भत्ता तर्फ रू. २४,०६,२७५।०० अक्षरेपी चौबीस लाख छ हजार दुई सय पचहत्तर रूपैयाँ खर्च भएको देखिन्छ । आ. व. २०७८/०७९ मा यस क्याम्पसमा साधारण खर्च रू. २,९४,३८८।०० अक्षरेपी दुई लाख चौरानब्बे हजार तीन सय अठासी रूपैयाँ र तलब भत्ता तर्फ रू. ३३,६१,३५५।०० अक्षरेपी तेतीस लाख एकसाठी हजार तीन सय पचपन्न रूपैयाँ खर्च भएको देखिन्छ । आ. व. २०७९/०८० मा यस क्याम्पसमा साधारण खर्च रू. ११,५५,५८७।५० (अक्षरेपी एघार लाख पचपन्न हजार पाँच सय सतासी रूपैयाँ पैसा पचास र तलब भत्ता बापत रू. ४७,९८,६०५।०० (अक्षरेपी सरचालिस लाख अन्ठानब्बे हजार छ सय पाँच रूपैयाँ पैसा पचास) खर्च भएको देखिन्छ साधारण तर्फ रू. ८,६१,१९९।५० (अक्षरेपी आठ लाख एकसाठी हजार एक उनान्सय सय रूपैयाँ पैसा पचास) र तलब तथा भत्ता तर्फ १४,३७,२५०।०० (अक्षरेपी चौध लाख सैंतीस हजार दुई सय पचास रूपैयाँ) बढी खर्च भएको देखिन्छ । यो रकम गत वर्ष भन्दा यस प्रकारले यस वर्ष खर्च बढ्नुमा खास गरेर गत वर्षको तुलनामा नियमित कक्षा सञ्चालन हुनुलाई लिन सकिन्छ । किन भने गत आ. व. सम्म कोरोना र डेंगी महामारीको प्रभाव प्रत्यक्ष रूपमा देखिन्थ्यो ।

यस क्याम्पसको विस्तृत विवरण र आ. व.२०७९/०८० को लेखा परीक्षण प्रतिवेदन अनुसार अनुसुची १ मा उल्लेख गरिएकोछ ।

५.६ भौतिक निर्माणमा खर्च विश्लेषण (Capital Expenditures)

यस क्याम्पसले भौतिक पूर्वाधार तयार गर्ने योजना अनुसार अहिले सम्म विश्वविद्यालय अनुदान आयोगबाट आ.व. २०६९/०७० र २०७०/०७१ मा गरी जम्मा रू. ३७,५०,०००/- (अक्षरेपी सैंतीस लाख पचास हजार रूपैयाँ) अनुदान सहयोग प्राप्त रकम र आन्तरिक स्रोतबाट क्याम्पसको तीन कोठे भवन बनाउने काम सुरू गरी भुई तलामा ३ कोठे भवन बनाउने काम सम्पन्न गरेको थियो ।

क्याम्पसको गुरू योजना अनुसारकक्षा सञ्चालनको लागि विद्यमान भवनमा तला थप गरी कोठ निर्माण गर्न बागमती प्रदेशमा योजना पेश भए अनुसार गत आ. व. २०७६/०७७ मा बागमती प्रदेश सामाजिक विकास मन्त्रालयको तर्फबाट अनुदान प्राप्त भएको रू. ३०,००,०००/- (अक्षरेपी तीस लाख रूपैयाँ) र आन्तरिक श्रोत गरी कूल रू. ३४,३४,४८८/- (अक्षरेपी चौतीस लाख चौतीस हजार चार सय अठासी रूपैयाँको लागतमा दुई तला स्ट्रक्चर ढलान गर्ने कार्य सम्पन्न भएको छ । अघिल्लो वर्ष निर्मित दुई तल्लामागारो लगाई भ्याल ढोका र प्लाष्टर गरी कक्षा सञ्चालनको लागि योग्य बनाउन यस आर्थिक वर्ष २०७८/०७९ मा पनि बागमती प्रदेश बाट भवन निर्माणको लागि सशर्त अनुदान पुँजीगत तर्फ रू. ५०,००,०००।०० अक्षरेपी पचास लाख रूपैयाँ मध्ये ं कीर्तिपुर नगरपालिकाबाटविद्युतीय बोल पत्र गर्दा त्यस कार्यालयबाटरू. ३२,७२,०००/- (अक्षरेपी बत्तीस लाख बहत्तर हजार रूपैयाँ) मात्र अनुदान सहयोग प्राप्त भएकोबाट तेश्रो तला स्ट्रक्चर ढलान र पहिलो तला फिनिसिङ सम्पन्न गरी कक्षा सञ्चालन गरेको छ । त्यस्तै विश्वविद्यालय अनुदान आयोगबाट फर्निचर खरिदको लागि प्रप्त अनुदानबाट १२५ थान डेस्क बन्चको व्यवसथागर्नुका साथै कम्प्यूटर, फोटोकपी मेसिन र प्रजेक्टरको व्यवस्था पनि गरेको छ । साथै प्रत्येक वर्ष आन्तरिक श्रोतबाट पुस्तकालयको लागि आवश्यक पुस्तकहरू पनि खरिद गरि व्यवस्था गरेको छ ।

५.७ Audit Observation/Issues and Steps Taken to Mitigate the Issues Raised by Audit Observations in Last Fiscal year

यस क्याम्पसले गत आ. व. २०७८/०७९मा लेखा परीक्षकले प्रस्तुत गर्नु भएको प्रतिवेदनमा औंल्याएका कमी कम्जोरीहरूतथा लेखा परीक्षकले उठाएका मुद्दाहरूका समाधान एवं सुधार गर्न क्याम्पस व्यवस्थापन समितिमा आवश्यक छलफल गरी कार्यान्वयन गर्न थालनी गरिएको छ ।

६. सामाजिक प्रगति (Social Progress)

कीर्तिपुर एक ऐतिहासिक एवं साँस्कृतिक नगर हो । यो क्याम्पस यहाँका स्थानीय समाज सेवी, शिक्षा प्रेमी बुद्धिजीवीहरूको सकृयतामा स्थापना भएकोले उहाँहरूको निरन्तर रूपमा नैतिक एवं भौतिक सहयोग प्राप्त भइरहेको छ । यस क्याम्पसलाई सुदृध, सवल एवं सक्षम बनाउँदै लैजान व्यवस्थापन समितिले लिएका नयाँ कार्य योजना अनुसार प्रत्यक्ष रूपमा स्थानीय जन सहभागीता बृद्धि गर्न क्याम्पसको आजीवन साधारण सभा सदस्य बनाएको छ । यस कार्यक्रम अन्तर्गत २१२ जना महानुभावहरूले आजीवन साधारण सदस्यता लिनु भएको छ । यसले गर्दा यस क्याम्पसको सामाजिक जग अझ सवल र सक्षम भएको पाइएको छ । यसैको फलस्वरूप क्याम्पसको सामाजिक एवं भौतिक पक्षमा सुधार हुँदै आएको देखिन्छ । आउँदा दिनहरूमा यसमा थप गर्दै ५०० जना सम्म सदस्य बनाउने लक्ष्य रहेको छ । यसले गर्दा क्याम्पस र समुदायको सम्वन्ध थप मजवुत हुनुका साथै समुदायको क्याम्पस प्रतिको उत्तरदायित्व बढ्ने विश्वास लिएको छ । क्याम्पसले सामाजिक उत्तरदायित्व बहन गर्ने क्रममा समुदाय सँग साझेदारी कार्यक्रमहरू अगाडी ल्याएको छ । त्यस्तै समुदायमा गएर सरसफाई कार्यक्रमहरू गर्ने, समुदायका वालवालिकाहरूका लागि खेलकूद गतिविधि सञ्चालन गर्ने गर्दै आउनुका साथै समय समयमा रक्तदान कार्यक्रम गर्दै आएको छ । कोरोना भाइरसको महामारीमा पनि स्थानी संघ संस्थाहरू सँग हातेमालो गर्दै जनचेतनाका कार्यक्रमहरूको आयोजना गरेको छ । गत वर्ष भएको डेंगी महामारीको समयमा कीर्तिपुर नगरपालिका सँग सहकार्य

गरेर डेंगीका बारेमा विद्यालयका विद्यार्थीहरू लगायत स्थानीयहरूलाई सचेतना कार्यक्रम गरेको थियो । त्यस्तै यस वर्ष ईजी हाइक समूह सँग मिलेर कीर्तिपुर स्थित ऐतिहासिक एवंम् धार्मिक स्थल चम्पा देवीमा डाँडामा गएर त्यहाँ भएको प्लाष्टिक फोहर संकलन गरी संकलन केन्द्रमा बुझाउने कार्य सम्पन्न गरेको थियो । यस क्याम्पसले यहाँ रहेको स्थानीय संघ संस्थाहरू सँग सहकार्य गर्न एक आपसमा सम्झौता पनि गरेको छ ।

६.१ सामाजिक कार्यकलापमा क्याम्पसको सम्लग्नता(Campus's Involvement In Social Activities)

यस क्याम्पसले समुदायमा क्याम्पस उपस्थिति जनाउन निम्न अनसार कार्य गर्दै आइरहेको छ ।

- समूदायमा भइरहेका स्वास्थ्य एवम् सामाजिक समस्याहरूका बारेमा विद्यार्थी शिक्षकहरूको समूह बनाएर अध्ययन गराउनुका साथै नगरपालिकाका पदाधिकारीहरू र समाजका अग्रजहरू सहितको सम्लग्नतामा प्रतिवेदन प्रस्तुत गर्ने गरेको ।
- विभिन्न चाडबाडको अवशरमा स्थानीय मठमन्दिरमा सरसफाई कार्यक्रमहरू गर्ने गरेको ।
- रक्तदान कार्यक्रमहरू आयोजन गर्ने गरेको ।

६.२ क्याम्पसको लागि समुदायको योगदान (Society's Contribution for Campus)

- समुदायका अग्रज समाजसेवीहरूले यस क्याम्पसका उत्कृष्ट विद्यार्थीहरूका लगि प्रमाण पत्र र नगद पुरस्कारको लागि अक्षय कोषको व्यवस्था गर्नु ।
- क्याम्पसलाई आवश्यक परेको अवस्थामा चन्दा सहयोग गर्ने गरेको ।
- समुदायका अग्रजहरू क्याम्पसको आजिवन सदस्य बनेर आर्थिक एवम् शैक्षिक पक्षमा सहयोग गर्दै आएको ।

६.३ समुदायको लागि क्याम्पसले योगदान गर्ने योजना (Plan for Campus's Contribution to Society)

यस क्याम्पसले समुदायलाई सहयोग एवं सहकार्य गर्न निम्न अनुसारको योजनाहरू बनाएको छ ।

- एक घर एक स्नातक बनाउने लक्ष्यका साथ स्थानीय तह कीर्तिपुर नगरपालिका सँगको सहाकार्यमा यस क्याम्पसमा अध्ययन गर्न चाहने स्थानीय विद्यार्थीहरूलाई निःशुल्क छात्रबृत्ती उपलव्ध गराउने कार्यक्रमलाई निरन्तरता दिने । जसमा कीर्तिपुर नगरपालिकाबाट ६०% र क्याम्पसबाट ४०% व्यहोर्ने गरेको छ ।
- स्थानीय क्लव संघ संस्थाहरू सँग मिलेर सामाजिक बिकृतिहरूका बारेमा सचेतनाका कार्यक्रमहरू आयोजना गर्ने ।
- समूदायमा भएको स्वास्थ्य समस्याहरू पहिचान गर्न वडा कार्यालयहरूमा विद्यार्थीहरू पठाएर आवश्यक सहकार्य गर्ने ।

- मङ्गल रिशर्च काउन्शिलको माध्यमबाट यहाँको समस्या पहिचान गर्न आवश्यक अनुसन्धान कार्य गर्ने ।

६.४ क्याम्पसमा समुदायको सम्लग्नता बढाउने योजना (Plan for Increased Involvement of Society in Campus)

यस क्यम्पसमा समुदायको सम्लग्नता बृद्धि गर्न निम्न अनुसारको योजनाहरू बनाएको छ ।

- यस क्याम्पसको आन्तरिक तथा बाह्य कार्यक्रमहरूमा स्थानीय मानिसहरूलाई आमन्त्रण गर्ने ।
- क्याम्पसको Strategic Plan अनुसार गठन भएका समितिहरूमा स्थानीहरूलाई पनि सम्लग्न गर्ने ।
- क्याम्पस व्यवस्थापन समितिमा अभिभावक प्रनिनिधिलाई सकृया बनाउने ।
- २१२ जना आजिवन सदस्यहरूलाई विभिन्न क्षेत्रको जिम्मेवारी प्रदान गर्ने ।

७ सवल तथा दुर्वल पक्षहरू

कुनै पनि संस्था सञ्चालनको क्रममा त्यसको कार्यक्षमता र लगनशिलताले राम्रो, नराम्रो, सवल, दुर्बल र अवसरका पक्षहरू हुने गर्दछन् । यस बहुमुखी क्याम्पस सञ्चालनको क्रममा देखिएका सवल, दुर्वल एवं चुनौती र अवसरका पक्षहरू निम्नानुसारका छन् ।

७.१ सवल पक्ष (Strong Aspects)

१. त्रिभुवन विश्वविद्यालय नजिकै भएकोले शैक्षिक जनशक्ति सहजै उपलब्ध हुन सक्नु साथै पहुँचमा पनि सहजता हुनु ।

२. समुदायका २१२ जना समाजसेवी, बुद्धिजीवी, शिक्षविद्हरू, अभिभावक, शिक्षा प्रेमी, ब्यापारी तथा व्यावसायी महानुभावहरू क्याम्पसको आजीवन साधारण सभा सदस्य भई प्रत्यक्ष संलग्नता हुनु ।

३. आजीवन सदस्यता बापत उठेको शुल्कबाट अक्षय कोष स्थापना गर्नु ।

४. क्याम्पस भवनको छ तलाको दुईवटा व्लकको नक्सा तथा लागत इस्टिमेट तयार भएको त्यस मध्ये क्याम्पसको आफ्नै ३ कोठे भवनको निर्माण हुनु र हालसालै मात्र थप तीन तला ढलान गरी पहिलो तला सम्पन्न गरी कक्षा सञ्चालनमा ल्याउनु ।

५. बौद्धिक समुहको सक्षम एवं चुस्त व्यवस्थापन समिति तथा सल्लाहकारहरू हुनु ।

६. विद्यार्थीहरूलाई निरन्तर लगनशिल भई आध्ययनशिल हुन उत्प्रेरित गर्नका लागि नियमित मूल्याङ्कन गरी उत्कृष्टताकोआधारमा नगद पुरस्कारको व्यवस्था हुनु ।

७. नियमित अतिरिक्त कृयाकलापहरू सञ्चालन र विद्यार्थीहरूको उच्चतम सहभागिता हुनु ।

८. शिक्षकहरूलाई नियुक्ति पत्र प्रदान गर्ने व्यवस्था मिलाउनु ।

९. व्यवस्थापन संकायका कक्षाहरू छुट्टैव्लकमा सञ्चालन गर्नु ।

१०. प्राध्यापकहरूलाई मासिक रूपमा तलव उपलव्ध गराउने व्यवस्था मिलाउनु ।

११. यस क्याम्पसले योजना गरे अनुसार मंगल रिशर्च जर्नल प्रकाशन समिति तथा रिशर्चसेल गठन गरी जर्नल प्रकाशित गर्नु ।

१२. यस क्याम्पसमा काठमाडौं लगायत ६० भन्दा बढी जिल्लाबाट अध्ययनका लागि विद्यार्थीहरू आउनु ।

१३. यस क्याम्पसले LOI लिन सफल हुनु ।

१४. आंशिक रूपमा भए पनि पूर्णकालिन शिक्षकहरूको व्यवस्था हुनु ।

१५. विषयगत विषय समिति लगायत विभिन्न उप समतिहरू गठन भइ कार्यान्वयनमा आउनु

१६. विश्वविद्यालयअनुदान आयोगको अनुदानबाट विद्यार्थीहरूलाई आवश्यक डेश्क बेन्चको व्यवस्था हुनु ।

१७. जेहेन्दार, दुर्गम, अपाङ्ग, दलित एवं सिमान्तकृतहरूलाई छात्रवृत्तिको व्यवस्था हुनु ।

१८. Student Quality Circle गठन हुनुका साथै अन्य विभिन्न समितिहरू पनि गठन हनु ।

१९. Mangal Research Circleगठन भई नियमित Mangal Research Journal प्रकाशित गर्नु ।

२०.कीर्तिपुर नगरपालिका सँगको सहकार्यमा एक घर एक स्नातक कार्यक्रम मार्फत छात्रबृत्ती प्रदान गर्नाले स्थानीय विद्यार्थीहरूको आकर्षण बढ्नु ।

७.२ दुर्वल पक्ष (Weak Aspects)

१. हालसम्म पनि क्याम्पसले आफ्नो भवन पूर्णरूपमा तयार गर्न नसक्दा विद्यालयको भौतिक संरचना प्रयोग गर्न बाध्य हुनु ।

२. आवश्यक मात्रामा फर्निचरहरूको अभावमा प्रशासनिक कार्यहरू गर्न कठिन हुनु ।

३. फर्निचरको अभावमा पुस्तकालयमा भएका पुस्तकहरू व्यवस्थित रूपमा राख्न नसक्नु ।

४. आर्थिक अभावका कारण क्याम्पसको नवनिर्मित भवनमा शौचालयको व्यवस्था गर्न नसक्नु

५. क्याम्पसले नयाँ शैक्षिक कार्यक्रमहरू थप गर्दै लान नसक्नु ।

६. अपेक्षाकृत शैक्षिक उपलव्धी हासिल गर्न नसक्नु ।

७. शिक्षक विद्यार्थीहरूलाई सूचना प्रविधि (I T)को सुविधाहरू उपलव्ध गराउन नसक्नु ।

८. पूर्णरूपमा पूर्णकालिन शिक्षकहरूको अभावमा अतिरिक्त शैक्षिक एवम् अतिरिक्त कृयाकलापको जिम्मेवारी दिन असहज हुनु ।

९. उच्च अंक ल्याउने विद्यार्थीहरूलाई आकर्षित गर्न नसक्नु ।

१०. वर्तमान परिप्रेक्ष्य अनुसार प्राविधिक र व्यावसायिक विषयहरू सञ्चालन गर्न नसक्नु ।

११. शैक्षिक अडिट नहुनु ।

१२. दिगो र नियमित आर्थिक श्रोत नहुनु ।

१३. कर्मचारीहरूमा व्यावसायिक क्षमताको अभाव हुनु ।

८. चुनौतीहरू (Threats)

१. आर्थिक रूपले क्याम्पस आत्मनिर्भर हुन नसक्नु ।

२. क्याम्पसको छुट्टै भवन निर्माण सम्पन्न गर्न यथोचित आर्थिक श्रोत जुटाउन नसक्नु ।

३ क्याम्पसको सम्पूर्ण आर्थिक भार विद्यार्थीहरूमा मात्र निर्भर परेको हुँदा समय सापेक्ष शिक्षक तथा कर्मचारीहरूको तलव भत्तामा सुधार ल्याउन कठिनाई हुनु ।

४.पूर्णकालिन शिक्षक तथा कर्मचारीहरूको आवश्यक मात्रामा व्यवस्था गर्न नसक्नु ।

८.१ अल्पकालिन समस्या तथा चूनौतीहरू(Short Term Problems and Threats)

१. शिक्षक तथा कर्मचारीको समस्या ।

२. अतिरिक्त कृयाकलापका लागि सामाग्री व्यवस्थापन गर्न कठिनाई ।

३. कोठा अभावको कारण प्रभावकारी पुस्तकालयको व्यवस्थापनमा कठिनाई ।

४. सूचना सञ्चार तथा प्रविधि (ICT)का सामाग्रीहरूको अभाव ।

५. विद्यार्थीटिकाउन समस्या भई ड्रपआउटको संख्या बृद्धि हुनु ।

६. शिक्षकहरूलाई तालिमको अभाव ।

७. विषयगत शिक्षा समितिहरूलाई आवश्यकपूर्वाधार व्यवस्थापन गर्न कठिनाई हुनु ।

८. विद्यार्थी शिक्षक बैदेशिक रोजगारमा आर्षित हुनु ।

९. गुणस्तरीय संरचना व्यवस्थापन गर्न कठिनाई हुनु ।

१०. माग अनुसार ई लाइब्रेरीका व्यवस्थागर्न नसक्नु ।

११. राष्ट्रिय शैक्षिक नीति अस्थिरहुनु ।

८.२ दिर्घकालिन समस्या तथा चूनौतीहरू (Long Term Problems and Threats)

१. क्याम्पसको जग्गाप्राप्तीको समस्या ।

२. आर्थिकअभावको कारण भवन निर्माणसम्वन्धी समस्या ।

३. खेलमैदानसम्वन्धी समस्या ।

४. प्रयोगात्मक कक्षा कोठासम्वन्धी चूनौती ।

५. गुरू योजना कार्यान्वयनसम्वन्धी चूनौती ।

६. शैद्धान्तिक ज्ञान तुलनामा व्यवहारिक विषय वस्तुको अभाव र रोजकागरीको चूनौती ।

७. वैदेशिक शैक्षिक संस्थाहरू प्रति विद्यार्थीहरूको बढ्दो आकर्षण हुनु ।

८.३ समस्या र चूनौतीहरूको समाधानका लागि गरिएका कार्यहरू (Mitigation Measures Taken to Address the Issues and Meet the Challenges)

क्याम्पसमा उठेका समस्या र चूनौतीहरू समाधान एवम् न्यूनिकरणका लागि गरिएका कार्यहरू निम्न अनुसार रहेका छन् :

१. क्याम्पसको भवन निर्माणको लागि आवश्यक नक्सा तयार गरेको ।

२. मंगल माध्यमिक विद्यालयसँग जग्गा भोकाधिकार प्राप्त गरेको ।

३. विश्व विद्यालय अनुदान आयोग र बागमती प्रदेश, सामाजिक विकास मन्त्रालयबाट अनुदान तीन कोठे भवनको निर्माण भएकोमा प्रदेश बाट बाजेट प्राप्त भई थप तीन तल्ला ढलान गरेर पहिलो तलामा फिनिसिङगरि कक्षा सञ्चालन गर्न सफल ।

४. विश्वविद्यालय अनुदान आयोगको अनुदानबाट फर्निचरहरू र केही कम्प्यूटर, प्रिन्टर तथा प्रोजेक्टरएवम् फोटो कपी मेसिनको व्यवस्था गरेको ।

५. आर्थिक एवम् भौतिक सहयोगका लागि स्थानीय, प्रदेश तथा संघिय सरकार समक्ष प्रस्तावहरू पेश गरेको ।

६. विद्यार्थी भर्ना बढाउन शिक्षक व्यवस्थापन समितिमा छलफल गरी भर्ना अभियान गरेको ।

७ विषयगत शिक्षा समितिहरू गठन गरेको ।

९. अवसरहरू(Opportunities)

१. स्थानीय लगायत अन्यले पनि रोजगारीको अवसरहरू पाउन सक्ने ।

२. बैदेशिक अध्ययनका लागि अवसरहरू श्रृजना हुने ।

३. उच्च शिक्षा हाशिल गर्न आधार तयार हुने ।

४. दक्ष जनशक्ति तयार हुने ।

५. क्याम्पसले भौतिक संरचना निर्माणको लागि स्थानीय, प्रदेश र संघिय सरकारमा पत्राचार गर्नु ।

६. UGC को निर्देशन अनुसार कार्य थालनी हुनु ।

७. कीर्तिपुर नगरपालिकामा नमुना सामुदायिक क्याम्पसको छवि हुनु ।

८. त्रि. वि. को केन्द्रीय विभागहरू सँग राम्रो सम्वन्ध हुनु ।

९. विद्यार्थी शिक्षक, र अभिभावकहरूसँग राम्रो सम्वन्ध हुनु ।

१०. शिक्षकहर अनुसन्धान कार्यमा संलग्न हुनु ।

११. क्याम्पसलाई विकास र विस्तार गर्न प्रतिवद्ध व्यवस्थापन समिति हुनु ।

१०. समस्या तथा चूनौतीहरू समाधान गर्न रणनीतिक योजना (Strategic Plan for Adressing the Issues and Challenges)

यस क्याम्पसलाई सक्षम र सवल बनाउंदै आगामी दिनहरूमा अझ सशक्त र उत्कृष्ट क्याम्पसको रूपमा स्थापित गर्दै लान निम्नअनुसार योजनाहरू तयार गरिएको व्यहोरा अनुरोध गर्न चाहन्छु ।

१. विद्यार्थीहरूलाई कक्षा कोठामा सहज बसाई गर्न तथा प्रशासनिक कार्यमा चुस्तता ल्याउन आवश्यक फर्निचरहरूको व्यवस्थागर्ने ।

२. भवन निर्माण कार्यलाई निरन्तरता दिंदै भवन निर्माण कार्य सम्पन्न गर्ने ।

३. वि. एड. मा सूचना तथा सञ्चार प्रविधि शिक्षा (ICT) का कक्षाहरू सञ्चालनका लागि त्रि. वि. संग अनुमतिका लागि प्रकृया अगाडि बढाउने ।

४. यस क्याम्पसमा सूचना सञ्चार तथा प्रविधि (ICT)को पूर्वाधार तयारीको लागि आवश्यक सामाग्रीहरूको व्यवस्था गर्ने ।

५. व्यवस्थापन संकाय तर्फ वि. वि. एस. कार्यक्रम वाहेक अन्य विषयहरू थप गर्दै जाने ।

६. आगामी वर्षदेखि अतिरिक्त कक्षाहरू सञ्चालन गरी लक्षित शैक्षिक उपलब्धि हासिल गर्ने ।

७. विद्यार्थीहरूलाई नियमित एवं भर्ना बृद्धि गर्न विद्यार्थी केन्द्रित कार्यक्रमहरू सञ्चालन गर्ने ।

८. आगामी वर्ष क्याम्पसलाईQAAमा जान आवश्यक पूर्वाधारहरू तयार गर्ने ।

९. आमन्त्रित प्राध्यापकहरूद्वारा विविध विषयमा कक्षा लिने व्यवस्था मिलाउने ।

१०. मंगल फाउण्डेशनको स्थापना गर्ने ।

११. प्राध्यापक, कर्मचारी एवम् विद्यार्थीहरूको दक्षता अभिबृत्तिका लागि नन् क्रेडिट कोर्षको पाठ्क्रम तयार गरी सञ्चालन गर्ने ।

i) लघु अनुसन्धान तथा अनुसन्धानका कार्यहरू गर्ने गराउने ।

ii) राष्ट्रिय तथा अन्तराष्ट्रिय संघ संस्था संग सहकार्य गरी कार्यक्रमहरू सञ्चालन गर्ने ।

iii) गोष्ठी तथा कार्यशाला गोष्ठीहरू आयोजना गर्ने ।

iv) स्वदेश तथा विदेशमा विद्यार्थी, प्रध्यापक आदान प्रदान कार्यक्रम गर्ने ।

v) कम्जोर विद्यार्थीहरूलाई अतिरिक्त कक्षाहरू सञ्चालन गर्ने ।

११. वार्षिक कार्य योजना तथा वार्षिक बजेट (Annual Work Plan and Budget of Current Fiscal Year)

यस क्याम्पसको Strategic Plan अनुसार वार्षिक कार्य योजना तथा वार्षिक बजेट निम्न अनुसार रहेको छ ।

११.१ आ. व. २०७८/०७९को वार्षिक कार्ययोजना

क्र.सं.	महिना	कार्यक्रम	कै.
१.	श्रावण	दोश्रो वर्षको कक्षा सुरू	
२.	भाद्र	तीज विशेष कार्यक्रम, पुस्तक खरिद कार्यक्रम र स्वागत तथा विदाई कार्यक्रम	
३.	आश्विन	भर्ना अभियान कार्यक्रम / दशैं तिहार तथा नेपाल संबतको कार्यक्रम, दशैं तिहार विदा, डेंगीबारे जनचेतना कार्यक्रम	
४.	कार्तिक	बिदा पछि पू: क्याम्पस चालू, नतिजा प्रकाशन, भर्ना अभियान कार्यक्रम/ प्रथम वर्षको कक्षा सुभारम्भ	
५.	मंसिर	भर्ना अभियान कार्यक्रम / लेखा परीक्षण गर्ने / निवन्ध प्रतियोगिता, नयाँ विद्यातर्जीहरूलाई अभिमुखिकरण, पूरानो प्रथम वर्षको प्रिबोर्ड	
६.	पौष	भर्ना अभियान कार्यक्रम, प्रथम त्रैमासिक परीक्षा, प्रथम वर्षको रजिष्ट्रेशन भर्ने, / अनुसन्धान सेल पूनर्गठन/ साधारण सभाको तयारी गर्ने, नतिजा प्रकाशन, MRJ प्रकाशन,	
७.	माघ	बार्षिक खेलकूद कार्यक्रम / अनुसन्धान सम्वन्धी तालिम	
८.	फागुन	बार्षिक कार्यक्रम तथा दिक्षान्त एवं पुरस्कार वितरण कार्यक्रम / स्मारिका प्रकाशन, वार्षिक साधारण सभा	
९.	चैत्र	चौथो बर्षको वार्षिक परीक्षा, रक्तदान कार्यक्रम	
१०.	बैशाख	शिक्षकहरूको क्षमता अभिबृत्ति तालिम / अभ्यास शिक्षण / अनुसन्धान जर्नल प्रकाशन	
११.	जेठ	दोश्रो त्रैमासिक परीक्षा प्रथम वर्ष / प्रिबोर्ड परीक्षा दोश्रो वर्ष / चौथो वर्षको कक्षा सुरू / प्रिबोर्डको नतिजा प्रकाशन र रिशर्च वर्कशप गर्ने र एमआरजेको लागि पेपर आह्वान गर्ने	
१२.	असार	कविता प्रतियोगिता / तेश्रो वर्षको कक्षा सुरू / प्रिबोर्ड परीक्षा प्रथम वर्ष / वक्तृत्व प्रतियोगिता / गुरू पूजा र कविता प्रतियोगिता	

११.२ २०७९ सालको वार्षिक कार्य योजना

क्र.सं.	मिति	कार्यक्रम
१.	२०७९ बैशाख १	नयाँ वर्ष
२.	२०७९ बैशाख	नयाँ प्रथम वर्षको रजिष्ट्रेशन फारम भर्ने सूचना प्रकाशन
३.	२०७९ बैशाख	नयाँ दोश्रो वर्षको कक्षा शुरू पुरानो दोश्रो वर्षको वार्षिक परीक्षा फाराम भर्ने
४.	२०७९ जेठ	प्रथम वर्षको प्रथम त्रैमासिक र पुरानो दोश्रो वर्षको प्रिबोर्ड परीक्षा
५.	२०७९ जेठ	चौथो वर्षको कक्षा सुरू तथा शिक्षकहरूका लागि रिशर्च सम्बन्धी तालिम
६.	२०७९ असार	रिशर्च तालिमको रिपोर्ट UGCमा बुझाउने र अन्तर कक्षा कविता प्रतियोगिता गर्ने
७.	२०७९ श्रावण	प्रथम वर्षलाई स्वागत तथा चौथो वर्षलाई विदाई
८.	२०७९ भाद्र	प्रथम वर्षको दोश्रो त्रैमासिक, नयाँ दोश्रो वर्षको प्रथम त्रैमासिक र चौथो वर्षको प्रथम त्रैमासिक परीक्षा
९.	२०७९ भाद्र	तेश्रो वर्षको कक्षा शुरू
१०	२०७९ असोज	पहिलो हप्ता रिजल्ट वितरण तथा विद्यार्थी काउन्सेलिड० र वक्तृत्व कला प्रतियोगिता
११.	२०७९ असोज	दशैं तिहार नहूदँ नेपाल सम्बत विभिन्न चाडपर्वको शुभकामना आदान प्रदान
१२.	२०७९ असोज १० देखि कार्तिक १३ सम्म	दशै तिहार विदा, रिशर्च जर्नल प्रकाशनको लागि तयारी
१३.	२०७९ कार्तिक १४गते	विदा पछि पूनः कक्षा शुरू
१४.	२०७९ मंसिर	दोश्रो हप्ता प्रथम वर्षको प्रिबोर्ड परीक्षा, प्रथम वर्षको बोर्ड परीक्षाको फाराम भर्ने, UGCमा नियमित अनुदान र योजना पेश गर्ने
१५.	२०७९ पौष	पहिलो हप्ता दोश्रो र चौथो वर्षको दोश्रो त्रैमासिक र तेश्रो वर्षको प्रथम त्रैमासिक परीक्षा
१६.	२०७९ पौष	दोश्रो हप्ता खेलकुद सप्ताह र २१ देखि माघ १ गते सम्म जाडो विदा
१७.	२०७९ मघ २ गते	जाडो विदा पछि पूनः कक्षा सञ्चालन चौथो वर्षको बोर्ड परीक्षा फाराम भर्ने
१८.	२०७९ माघ दाश्रो हप्ता	२०७९/०८० को लागि प्रथम वर्षमा नयाँ भर्ना अभियान, BBS / B.Ed.चौथो वर्षको रिशर्च अभिमूखिकरण
१९.	२०७९ फागुन	क्याम्पसको वार्षिक दिवश दोश्रो र चौथो वर्षको प्रिबोर्ड परीक्षा
२०.	२०७९ चैत्र	दोश्रो र चौथो वर्षको प्रिबोर्ड परीक्षाको नतिजा प्रकाशन र कक्षा बन्द

११.३ २०८० सालको वार्षिक कार्य योजना

क्र.सं.	मिति	कार्यक्रम
१.	२०८० बैशाख १	नयाँ वर्ष
२.	२०८० बैशाख	नयाँ प्रथम वर्षको रजिष्ट्रेशन फारम भर्ने सूचना प्रकाशन
३.	२०८० बैशाख	नयाँ दोश्रो वर्षको कक्षा शुरू पुरानो दोश्रो वर्षको वार्षिक परीक्षा फाराम भर्ने
४.	२०८० जेठ	प्रथम वर्षको प्रथम त्रैमासिक र पुरानो दोश्रो वर्षको प्रिबोर्ड परीक्षा
५.	२०८० जेठ	चौथो वर्षको कक्षा सुरू तथा शिक्षकहरूका लागि रिशर्च सम्बन्धी तालिम
६.	२०८० असार	रिशर्च तालिमको रिपोर्ट UGCमा बुझाउने र अन्तर कक्षा कविता प्रतियोगिता गर्ने
७.	२०८०श्रावण	प्रथम वर्षलाई स्वागत तथा चौथो वर्षलाई विदाई
८.	२०८० भाद्र	प्रथम वर्षको दोश्रो त्रैमासिक, नयाँ दोश्रो वर्षको प्रथम त्रैमासिक र चौथो वर्षको प्रथम त्रैमासिक परीक्षा
९.	२०८० भाद्र	तेश्रो वर्षको कक्षा शुरू
१०	२०८० असोज	पहिलो हप्ता रिजल्ट वितरण तथा विद्यार्थी काउन्सेलिङ० र वक्तृत्व कला प्रतियोगिता
११.	२०८० असोज	दशैं, तिहार, न्हूदँ नेपाल सम्वत ११४४, छठ पर्वलगायत विभिन्न चाडपर्वको शुभकामना आदान प्रदान
१२.	२०८० असोज २८ देखि मंसिर ४ सम्म	दशै तिहार विदा, रिशर्च जर्नल प्रकाशनको लागि तयारी, २०८०/०८१ को लागि प्रथम वर्षमा नयाँ भर्ना अभियान,
१३.	२०८०मंसिर ५ गते	विदा पछि पूनः कक्षा शुरू
१४.	२०८० मंसिर	पहिलो हप्ता प्रथम वर्षको कक्षा प्रारम्भ साथै भर्ना निरन्तर, UGCमा नियमित अनुदान र योजना पेश गर्ने, BBS / B.Ed. प्रथम वर्षको अभिमूखिकरण
१५.	२०८० पौष	पहिलो हप्ता दोश्रो र चौथो वर्षको दोश्रो त्रैमासिक र तेश्रो वर्षको प्रथम त्रैमासिक परीक्षा
१६.	२०८०पौष	दोश्रो हप्ता खेलकुद सप्ताह र २१ देखि माघ १ गते सम्म जाडो विदा
१७.	२०८० मघ २ गते	जाडो विदा पछि पूनः कक्षा सञ्चालन चौथो वर्षको बोर्ड परीक्षा फाराम भर्ने
१८.	२०८० माघ दोश्रो हप्ता	BBS / B.Ed. चौथो वर्षको रिशर्च अभिमूखिकरण
१९.	२०८० फागुन	क्याम्पसको वार्षिक दिवश एवम् साधारण सभा, दोश्रो र चौथो वर्षको प्रिबोर्ड परीक्षा
२०.	२०८० चैत्र	दोश्रो र चौथो वर्षको प्रिबोर्ड परीक्षाको नतिजा प्रकाशन र कक्षा बन्द

१२. Projected Annual Tentative Budget of the Three Fiscal Year Following the Current Fiscal Year

१२.१ आ. व. २०७८/०७९ को अनुमानीत वजेट

क्र. सं.	अनुमानीत आय विवरण	रकम रू.		क्र. सं.	अनुमानीत व्यय विवरण	रकम रू.
१.	बार्षिक तथा मासिक शुल्क	५४,००,०००।००		१.	तलव भत्ता	४६,००,०००।००
२.	वि.वि.अनुदान आयोगबाट प्राप्त हुने नियमित अनुदान	८,००,०००।००		२.	मसलन्द तथा सानो नगदी कोष	१५,०००।००
३.	आन्तरिक परीक्षा शुल्क	४८,६००।००		३.	मर्मत संभार	२,५०,०००।००
४.	त्रि.वि. रजिष्ट्रेशन शुल्क	६४,०००।००		४.	इन्टरनेट र वेभसाइट रसफ्टवेयर	१,४०,०००।००
५.	त्रि.वि. बोर्ड परीक्षा फाराम शुल्क	३,८८,८००।००		५.	आन्तरिक परीक्षा	१,८०,०००।००
६.	व्याज प्राप्त	२,००,०००।००		६.	खेलकूद तथा दिवश समारोह	२,००,०००।००
७.	विविध	४०,०००।००		७.	छात्रबृत्ती	२,००,०००।००
				८.	भर्ना प्रचारप्रसार	७४,०००।००
				९.	अनुसन्धान जर्नल प्रकाशन	२,००,०००।००
				१०.	शिक्षकहरूको क्षमता अभिबृत्ति कार्यक्रम	२,००,०००।००
				११.	पुस्तक खरिद	१,५०,०००।००
				१२.	त्रि.वि. रजिष्ट्रेशन शुल्क	६०,०००।००
				१३.	त्रि.वि. बोर्ड परीक्षा फाराम शुल्क	३,८०,०००।००
				१४.	फर्निचर	१,००,०००।००
				१५.	उपकरण	१,५०,०००।००
				१६.	बचत	४२,४००।००
	कूल जम्मा	६९,४१,४००।००			कूल जम्मा	६९,४१,४००।००

१२.२ आ. व. २०७९/०८० को अनुमानीत वजेट

S.N	Heading	Amount	Amount(Rs)
	Revenue Expenditure (A)		
1	**Teacher/staffs Expenses**		5,849,525.00
2	**Office operating expenses:**		
	Advertisement	74,000.00	
	water and Electricity Charge	20,000.00	
	Tea expenditure for Teacher	100,000.00	
	Welcoming Guest	40,000.00	
	Loan pay to Mangal Sec. School	50,000.00	
	Stationary	50,000.00	
	Veda Guru campus Mobile Apps	50,000.00	384,000.00
3	**Exam & Registration**		
	Terminal Exam Expenditure	200,000.00	
	T.U. Registration Charge	60,000.00	
	TU Board Exam Fee	387,800.00	647,800.00
4	**Extra Activities Expenses**		
	Sports / Extra Curricular Activities		200,000.00
5	**Maintenance**		200,000.00
6	**Programme expenses**		
	Annual function	150,000.00	
	Develop Training for School teacher	500,000.00	650,000.00
7	**Research/ Journal Publish Expenses**		430,000.00
8	**Library Expenses**		200,000.00
9	**Scholarship Expenses**		150,000.00
	Total Revenue/ Operating Expenditure (A)		**8,711,325.00**
	Income		
1	**Fee Income**		
	Admission/ tuition fee	7,200,000.00	
	Internal Exam fee	600,000.00	
	T.U. Board Exam fee	475,000.00	
	Registration fee	64,000.00	**8,339,000.00**
2	**Other Income**		
	Character Certificate fee	30,000.00	
	library & ID Card	5,060.00	
	interest from Banks	200,000.00	**235,060.00**
3	**Grant / Donation**		
	UGC Regular Grant	1,205,000.00	1,205,000.00
	Total Income		**9,779,060.00**
	Loss from Budgeted Period (B-A)		**1,067,735.00**

१२.३ आ. व. २०८०/०८१ को अनुमानीत वजेट

S.N	Heading	Amount	Amount(Rs)
	Revenue Expenditure (A)		
1	**Teacher/staffs Expenses**		60,00,000.00
2	**Office operating expenses:**		
	Advertisement	80,000.00	
	water and Electricity Charge	30,000.00	
	Tea expenditure for Teacher	100,000.00	
	Welcoming Guest	40,000.00	
	Loan pay to Mangal Sec. School	50,000.00	
	Stationary	60,000.00	
	Veda Guru campus Mobile Apps	50,000.00	5,10,000.00
3	**Exam & Registration**		
	Terminal Exam Expenditure	2,00,000.00	
	T.U. Registration Charge	60,000.00	
	TU Board Exam Fee	4,00,000.00	6,60,000.00
4	**Extra Activities Expenses**		
	Sports / Extra Curricular Activities		200,000.00
5	**Maintenance**		200,000.00
6	**Programme expenses**		
	Annual function	250,000.00	
	Develop Training for School teacher	500,000.00	7,50,000.00
7	**Research/ Journal Publish Expenses**		4,30,000.00
8	**Library Expenses**		3,00,000.00
9	**Scholarship Expenses**		150,000.00
	Total Revenue/ Operating Expenditure (A)		**92,00,000.00**
	Income		
1	**Fee Income**		
	Admission/ tuition fee	70,00,000.00	
	Internal Exam fee	5,00,000.00	
	T.U. Board Exam fee	5,00,000.00	
	Registration fee	70,000.00	**80,70,000.00**
2	**Other Income**		
	Character Certificate fee	30,000.00	
	library & ID Card	5,500.00	
	interest from Banks	2,50,000.00	**2,85,000.00**
3	**Grant / Donation**		
	UGC Regular Grant	15,00,000.00	15,00,000.00
	Total Income		**98,55,000.00**
	Loss or profit from Budgeted Period (B-A)		**6,55,000.00**